मन कुमारी गुर्ताल

नेपालगन्ज

मेरो नाम मन कुमारी गुर्ताल ⁄सकिना तेली हो । आज भन्दा ३९ वर्ष पहिले बाके जिल्लाको सितापुर गा.वि.स वार्ड नं. २ सि गाउमा बुवा परविर गुर्ताल र आमा हस्तकली गुर्तालको कोख बाट पहिलो सन्तानको रुपमा जन्मिएकी हुँ । हामी ३ बहिनी छोरी र १ भाई थियौ । म एक गरिव परिवारकी छोरी हु । मेरो आमा म ७ वर्षको हुदा बितेपछि म अरुकै घरमा बसेर हुर्के त्यसपछि घरमा मैले सक्ने काम कुचो लगाउने, चिया पुर्याईदिने काम गर्ने गर्दै पढ्ने पनि गर्थे । यसरी गर्दा मैले ईन्टर सम्म पढे यसै क्रममा मैले आफु खुसी अन्तरजातिय विवाह १७ वर्षको उमेरमा गरे । यसै गर्दा १ वर्ष भित्र मेरो छोरा जन्मियो । मलाई घरको काम काज गर्ने र भाषामा पनि धेरै समस्या पर्ने गर्थ्यौ । म घरकी माहिली वुहारी हुँ । म मात्रै फरक समुदायकी परेको हुनाले घरमा जेठानीले गर्ने व्यवहार अलि फरक थियो । म घरमा अलि अलि पढेको हुनाले मेरो सासुआमाले तिमीले पढेकी छौ । तिमीले केहि गर्नुपर्छ भनेर भन्नु भयो । मेरो एकजना दिदिले बाके युनेस्को क्लबमा नोकरी गर्ने भएकोले मलाई पनि मेरो दिदिले ९ महिनाको लागी प्रौढ शिक्षा सम्बन्धि तालिम आएको छ, तिमीले पनि तालिम लिन जाउ भनेर मेरो नाम पनि सिफारीस गरिदिनु भयो । म तालिममा घरको कामकाज मिलाएर जाने तयारी भए । यसै क्रममा म बिहान तिनवजे उठेर घरको सवै काम सिध्याएर विहान ८ बजे मयुर होटल ७ दिने तालिम लिई ९ महिनाको लागी प्रौढ शिक्षा पढाउन थाले । मैले पढाउने ठाउ मेरो घर देखि १ घण्टा लाग्थ्यो र मलाई पढाउने बेलामा भाषा अलि समस्या पर्ने गर्थ्यौ तर सबै पढ्ने दिदीहरुले पनि मेरो कुरा राम्रो सगं सुनिदिने गर्दथे र यसरी मेरो नौ महिनाको प्रौढ शिक्षा पनि सिधियो । यसै विच मेरो घर नजिकैको दाई रामानन्द तमोलीले तिमी पढेकी छौ । मैले चिनेको एउटा अफिस छ तिमीलाई म त्यहाँ नोकरी लगाईदिन्छु, भनेर भन्नु भयो र एक दिन मलाई त्यहाँ लगेर जानुभयो । त्यो अफिसको नाम रहेको थियो नेपाल मुस्लिम समाज बिकास चेतना केन्द्र रहेको थियो । मलाई त्यहाँ लगेर कार्यक्रम

संयोजन रुबी खान सगं भेट तथा मेरो बारेमा कुरा गराईदिनु भयो । मलाई त्यस सस्थाले सहजकर्ताको जिम्मेवारी दिनुभयो । मैले सुरुमा रु.७५० देखि काम गर्दै जादा खेरी मेरो जिम्मेवारी पनि वढ्दै गयो । त्यति नै मेरो तलब वढ्दै गयो । यसरी मैले काम गर्दै जादा हाम्रो सस्थाले महिला अधिकार, वाल अधिकार, शिक्षा अधिकार तथा स्वास्थ अधिकारको क्षेत्रमा काम गर्ने भएको हुनाले मैले विभिन्न क्षेत्रमा काम गर्न पाउदा म आफुलाई एकदमै भाग्य मानि ठान्थे मलाई सानै उमेरमा कसैले कुटपिट गर्यौं भने मैले उनिहरुलाई कसरी बचाउने सम्बन्धि सोच्थे मलाई हिंसा भनेको त केहि जानकारी थिएन तर मैले सस्थामा काम गर्दै जादा धेरै कुराको अनुभव भयो र यसै विच मलाई राष्ट्रिय महिला अधिकार मन्चबाट बाके जिल्लाको प्रतिनिधीत्व भई काम गर्ने अवसर पनि पाए । महिला अधिकारको वारेमा तालिम लिन र उनिहरुको बकालत कसरी गर्ने र मुद्दाहरुलाई स्थानिय स्तरमा कसरी काम गर्ने भनि जानकारी पाए । यसै विच मैले आफ्नो समुदायमा हिंसामा परेका महिलाहरुलाई न्याय दिलाउन पाउदा आफुलाई गर्व लाग्छ । म आफुलाई भाग्यमानि पनि ठान्छु । म आज समाजमा एउटा असल महिला भनेर चिनीन पाएको छु ।

नेपालगन्ज देखि काठमाण्डौं सम्मको न्याय खोज्दै २० दिने आन्दोलन अनुभव

नेपालगन्जमा रहेको परसपुर वार्ड नं. १७ की निर्मला कुर्मी र जानकी गा.पा. वार्ड नं. २ नेवाजी गाउकी नन्कुनु धोवीलाई न्याय दिलाउनका लागी नेपालगन्ज देखि काठमाण्डौ सम्म पैदल यात्रा गरेको थियौ । परसपुर १७ की निर्मला कुर्मी एकल महिला तर सम्पन्न महिला भएकै कारणले गर्दा अकालमा नै ज्यान गुमाउनु पर्यौं र नन्कुनु धोवी दाईजो नल्याएकै कारणले गर्दा घरको श्रीमानले घरको वलोमा पासो लगाएर मारेको अवस्था छ । यस्ता मुद्दाहरुको सवालमा काम गर्दै जादा आज मेरो १२ वर्ष भयो । यसै क्रममा नन्कुनु धोवीलाई न्याय दिलाउन सफल भएको कारणले गर्दा महिला अधिकार मचंको तर्फवाट मेरो नामबाट नै जाहेरी दिएका थियौं र जाहेरी दर्ता गराउदा हामीले पटक पटक जिल्ला प्रहरी कार्यलय तथा सरकारी वकिल कार्यालय धाउनु परेको थियो । मैले जाहेरी दिएकै कारणले

मलाई मेरो घरमा विभिन्न किसीमका धाक धम्कि समेत आएको थियो । जसले गर्दा मेरो घरमा म लगाएत  मेरा छोरा छोरी श्रीमान, घर परिवारले समेत मानसिक याताना समेत खेप्नु परेको  थियो  । तर पनि मैले कुनै पनि कुराको वास्ता नगरी हामी आन्दोलनका लागी १९ दिन सम्म नेपालगन्जको जिल्ला प्रशासनमा धर्ना दियौँ र हाम्रो सुनुवाई नभएपछि मिती २०७८/६/१ गते देखि पैदल यात्रा सुरु गरेको थियौ । हिड्दा बाटोमा कतै पहिरोको डर, कतै बाघ भालुको डर भएता पनि हामी २० दिन खाई, नखाई भए पनि काठमाण्डौँ पुग्यौ र असोज २२ गतेका दिन देखि काठमाण्डौको माईतीघर मण्डलामा न्यायका लागी धर्ना दिन थाल्यो यसै क्रममा आन्दोलनको नेतृत्व गर्दै आएकी रुवी खान ज्युलाई झुठा मुद्दाका केशमा समातियो र त्यसपछि मैलै नेतृत्व गर्दै गरे र सरकारले हामीलाई पटक पटक बार्तामा बोलायो र हामी वार्तामा गएपनि हामी हाम्रो माग पुरा नभए सम्म हामी जादैनौ भनेर भनेको थियौँ  र हाम्रो मागहरु सहमती भएपछि हामीहरु नेपालगन्ज फकियौँ ।

र यसै विचमा हामी मिटरव्याजीहरुको बिरुद्धमा भएको आन्दोलनमा पनि समावेश हुने अवसर पाएको थियौँ ।

धन्यवाद ।

LOOM